पोखरा विश्वविद्यालय

# मानविकी तथा सामाजिकशास्त्र संकाय

## Master तथा MPhil छात्रवृत्ति सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०७४।०३।१५)*

पोखरा विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत Master तथा MPhil कार्यक्रममा निःशुल्क छात्रवृत्तिको लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नुपर्ने भएकोले पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ अनुसार यो दरखास्त आव्हान गरिएको छ ।

**१. छात्रवृत्तिको प्रकारः**

(क) जेहन्दार छात्रवृत्ति; (ख) खुला छात्रवृत्ति (ग) लेखनाथ छात्रवृत्ति (आङ्गिक स्कूलमा सञ्चालन हुने कार्यक्रममा मात्र प्रदान गरिने); (घ) दलित छात्रवृत्ति; (ङ) जनजाति छात्रवृत्ति; (च) दुर्गम छात्रवृत्ति; (छ) अपाङ्ग, शहिद तथा जनआन्दोलन घाइते पिडित छात्रवृत्ति; (ज) शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति; (झ) मधेशी समुदाय छात्रबृत्ति ।

प्राप्त हुने सिट संख्यामध्ये (क) जेहन्दार छात्रवृत्ति [छुट्टै प्रकृयाबाट छनौट हुने]; र (ज) शिक्षक, कर्मचारी सन्तति छात्रवृत्ति कटाई बाँकी सिट मध्येबाट ४० प्रतिशत दलित, जनजाति, दुर्गम क्षेत्र, अपाङ्ग, शहीद तथा जनआन्दोलन घाइते पिडित र मधेशी समुदायका लागि सुरक्षित गरिएको छ । महिलाहरुको लागि माथि उल्लेखित (क), (ग), र (ज) प्रकारका छात्रवृत्ति बाहेक सबै प्रकारका छात्रवृत्तिमा ५० प्रतिशत सिट आरक्षण गरिएको छ ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमहरू:**

a) Master in Population, Gender and Development (MPGD) - 5 (Five) Seats, (SDSE, Pokhara)
b) MA in English – 3 (Three) Seats, (IACER, Kathmandu)
c) MPhil in English – 3 (Three) Seats, (IACER, Kathmandu)

**३. उम्मेदवार हुनको लागि आवश्यक न्यूनतम योग्यताः**

छात्रवृत्तिको दरखास्तको लागि देहाय बमोजिम योग्यता र शर्तहरु पुरा भएको हुनुपर्ने छ ।

(क) उम्मेदवार नेपाली नागरिक हुनुपर्ने छ ।

(ख) MPGD र MA in English कार्यक्रमहरूका लागि कुनै एक विषयमा CGPA 2.00/4.00 वा दोश्रो श्रेणी प्राप्त गरी स्नातक तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(ग) MPhil in English कार्यक्रमका लागि कुनै एक विषयमा CGPA 3.00/4.00 वा दोश्रो श्रेणी प्राप्त गरी स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

(घ) सार्वजनिक विद्यालयमा अध्ययन गरी एस. एल. सी. पास गरेको हुनुपर्नेछ ।

(ङ) स्नातकोत्तर अध्ययनकालागि स्नातक तह उत्तिर्ण भएको मितिले ३ वर्षको अवधि ननाघेको व्यक्तिले मात्र दरखास्त पेश गर्न सक्नेछन् । *तर MPhil तहका लागि भने यो नियम लागु हुने छैन ।*

(च) शिक्षक कर्मचारी सन्तति छात्रवृत्तिका लागि पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली, २०६५ अनुसार हुनेछ ।

**४. उम्मेदवारले पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

(१) सबै उम्मेदवारहरुले दरखास्त साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ख) एस.एल.सी वा सो सरहको परीक्षा, दश जोड दुई वा प्रमाणपत्र तह वा सो सरह परीक्षा र स्नातक तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

MPhil तहका लागि आवेदन दिनेले माथिका सबै प्रमाणपत्रका अतिरिक्त स्नातकोत्तर तहको परीक्षा उत्तिर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

(ग) विदेशी विश्वविद्यालयबाट अध्ययन सम्पन्न गरेका उम्मेदवारको लागि समकक्षताको प्रमाण पेश गर्नु पर्नेछ ।

(२) माथि उल्लेखित कागजात अतिरिक्त लेखनाथ छात्रवृत्तिको लागि दरखास्त दिने उम्मेदवारहरुले साविक लेखनाथ नगरपालिकाको स्थायी बासिन्दा भएको पोखरा लेखनाथ महाँनगरपालिका वा साविक लेखनाथ नगरपालिकाको सम्बन्धित वडाको सक्कल सिफारिस, दलित छात्रवृत्तिको लागि राष्ट्रिय दलित आयोग वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, जनजाति छात्रवृत्तिको लागि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, दुर्गम छात्रवृत्तिको लागि सम्बन्धित गाँउपालिकाको, अपाङ्ग भएमा राष्ट्रिय अपाङ्ग संघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, जन आन्दोलनको घाइते वा निजको सन्ततिको र शहिद परिवारका छोराछोरीको हकमा नेपाल सरकार, गृहमन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको, मधेशी छात्रबृत्तिको लागि सम्वन्धित जिल्ला प्रशासन कार्यालयको सक्कलै सिफारिस पेश गर्नुपर्ने छ। छात्रवृत्ति विपन्न वर्गमा लक्षित भएकोले सबै प्रकारको छात्रवृत्तिको लागि तोकिए अनुसार सम्बन्धित गाउँपालिका वा नगरपालिकाको सक्कलै सिफारिस पेश गर्नु पर्नेछ । उम्मेदवारले अध्ययन गरेको विद्यालय सरकारी विद्यालय हो भनी सम्वन्धित गाँउपालिका वा नगरपालिका वा सम्बन्धित जिल्ला शिक्षा कार्यालयको सक्कलै सिफारिस पेश गर्नु पर्नेछ ।

**५. दरखास्त फाराम पाउने र बुझाउने स्थानः** मानविकी तथा सामाजिकशास्त्र संकाय, पोखरा लेखनाथ-३०, खुदी, ढुङ्गेपाटन, कास्की, (दरखास्त फाराम www.pu.edu.np/edu बाट पनि Download गर्न सकिने छ ।

**६. परीक्षा दस्तुरः** १००० (एक हजार मात्र)

**७. दरखास्त दिने अन्तिम मितिः** २०७४।३।३० (14 July 2017)

**८. परीक्षा हुने मितिः** २०७४।४।२ (17 July 2017)

९. **परीक्षाको किसिम, भाषा र अंक विभाजनः** लिखित, वस्तुगत र अंग्रेजी भाषा

a. Master in Population, Gender and Development (MPGD) अन्तर्गतका विषयहरूका लागि (i) Verbal Reasoning का लागि ४० अंक; (ii) Logical and Critical Reasoning का लागि ३० अंक; (iii) Quantitative का लागि ३० अंक; र (iv) General Awareness का लागि ५० अंक

b. MA in English र MPhil in English अन्तर्गतका विषयहरूका लागि (i) Verbal Reasoning का लागि ५० अंक; (ii) Logical and Critical Reasoning का लागि ५० अंक; (iii) General Awareness का लागि ५० अंक ।

**१०. लिखित परीक्षाको समयः** बिहान ७:०० बजे देखि १०:०० बजे सम्म (तीन घण्टा) ।

**११. परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय, स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसल ईन्जिनियरिङ्ग एकेडेमिक भवन, लेखनाथ-१२, कास्की ।


**सम्पर्कको लागि**

पोखरा विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय

खुदी-ढुङ्गेपाटन, पोखरा लेखनाथ-३०, कास्की । फोनः ०६१-५६१६९९